# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक

## विस्तृत कार्यान्वयन योजना (२०८१)

अवधिः २०८१/८२ देखि २०८५/८६

स्विकृत मितिः २०८१।०९।२८

चौकुने गाउँपालिका

# सुर्खेत, कर्णाली

शुभकामना मन्तव्य

नेपालको राजनितिक इतिहासमा पहिलो पटक आमुल परिर्वतन गर्न जनताद्वरा जनताकै लागि महान जनयुद्धको शंखघोष भयो। अत्याचारको जाँतोमुनी पिसिएका जनता, सानहराएका नारीहरु, मान हराएका आदिबासीहरु, सम्मान हराएका दलितहरु, पहिचान हराएका जनजातीहरु, देश भित्रै बिदेशिएका मधेशीहरु र स्वाभिमान हराएका देशबासीहरुको सहभागितामा दशबर्षीय जनयुद्धले देशका कुनाकन्दरामा जगडीएर बसेको सामन्ती एकात्मक शोषणका पर्खालहरु भत्काउदै सँघात्मक, न्यायात्मक, सर्वहारा बर्गीय समाजबाद उन्मुख लोकतान्त्रीक गणतन्त्रको स्थापना भयो । संविधान सभा बाटनिर्मित संबिधानले सम्पुर्ण हिसाबले पछाडी पारिएका) जातिय, लैङ्गीक, बर्गीय, सामाजिक (नागरिकहरुलाई समानता र समता प्रदान गरेको छ।

आधारभुत र ऐतिहासिक बर्गको एजेण्डालाई वर्ग संघर्षको माध्यामबाट स्थापित गर्दै संविधान मार्फत कानुनी मान्यता प्रास गरी लैङ्गीक समानता तथा सामाजिक समावेसीकरणमैत्री एवम सहभागिता मुलक बिकास निर्माण एबम् सेवा प्रवाहमा सकारात्मक बिभेद मार्फत समाजमा रहेको बिद्यमान नकारात्मक विभेद नकारात्मक मुल्य मान्यता संस्कार र व्यबहारमा परिर्वतन ल्याई लैङ्गीक तथा जातिय भेदभाब मुक्त समतामुलक स्वस्थ समुन्नत गाउँपालिकाको निर्माण गर्न चौकुने गाउँपालिकाले लैं.सं.सा.स निति मुल प्रभाहीकरण रणनिति योजना बनाईएको सन्दर्भमा यसको प्रभाबकारी कार्यन्वन गर्न गराउन प्रतिबद्ध रहेको छ। र यो पुर्ण कार्यान्वयन संधै प्राकृतिक हिसाबले आम जनजीवन पुर्ण लयमा आउने विश्वास सहित शुभकामना व्यक्त गर्दछु।

अध्यक्ष

खड्क वि क (विवश)

चौकुने गाउँपालिका, सुर्खेत

खड्क विक (विवश)
अध्यक्ष

Contents

१. पृष्ठभूमि ........................................................................................................................................4

१.१. अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रावधान......................................................................................................4

१.२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित मानव अधिकारका सिद्धान्तहरू.................8

१.३. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिमा भएका प्रावधान र स्थानीय तहबाट समेट्न पर्ने थप विषयहरू..............................................................................................................9

१. ४. सोहौं योजनाको प्रावधान ..................................................................................................................9

२. कार्य योजनाको आवश्यकता, उदेश्य, बिधि र प्रकृया .......................................................................10

३. सरोकारवालाको नक्साङ्कन .........................................................................................................12

४. स्थानीय सरकारको बजेट बिनियोजनको प्रक्रिया र आधार...............................................................15

५. स्थानीय सरकारको लैंससास कार्यान्वयन कार्य योजना र वार्षिक योजनाको सम्बन्ध र अवस्था...................16

६. विस्तृत कार्य योजना अनुगमन संयन्त्र तथा प्रक्रिया.............................................................................17

७. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८, विस्तृत कार्यान्वयन योजना........................19

# १. पृष्ठभूमि

कर्णाली प्रदेशको राजधानी रहेको सुर्खेत जिल्लाको पश्चिम पट्टी रहेका साविक लगाम, बेतान, विजौरा, गुटु र घाटगाउँ गा.वि.स.हरु समावेश गरी संघियतापछि २०७३ मा चौकुने गाउँपालिका घोषणा भएको हो। यस गाउँपालिकामा १० वडाहरू रहेकाछन्। यस गाउँपालिकाको जम्मा क्षेत्रफल ३८१.०३ वर्ग कि.मी. रहेको छ।

२०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २६,९५०[1] रहेको छ। नेपालको जनसंख्याको सरदर अनुपात झैं महिलाको जनसंख्या यहाँ पनि केहि बढी (५०.९%) रहेको छ। गाउँपालिकामा २० वर्ष भित्रै प्रथम पटक विवाह गर्ने जनसंख्या ७४% छ। त्यसमा पनि महिलाको मात्र हेर्दा ८४% रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको जनसंख्या २.९% रहेको छ, जो नेपालको औसत भन्दा बढी तर कर्णाली प्रदेशको भन्दा थोरै कम हो। यस गाउँपालिकमा अचल सम्पति खासगरि घरजग्गामा स्वमित्व हुने महिलाहरु ४.७% रहेका छन्। यो नेपालको औसत (२३.८%) भन्दा अत्यन्तै कम हो। गाउँपालिकामा साक्षरता दर ७८.१% रहेको छ, जुन कर्णाली प्रदेश र राष्ट्रिय औसत भन्दा केहि बढी हो। तर महिलाको साक्षरता दर भने पुरूषको भन्दा १४.२% ले कम रहेकोछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री एवं सहभागी मूलक विकास निर्माण एवं सेवा प्रवाह गरी समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई लैङ्गिक तथा जातीय भेदभाव मुक्त समतामूलक, स्वस्थ तथा समुन्नत गाउँको निर्माण गर्न चौकुने गाउँपालिकाले आवश्यक लैससास नीति मूलप्रवाहीकरण रणनीतिक योजना बनाइसकेको छ। चौकुने गाउँपालिकाले आफ्नो रणनीतिलाई कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने उदेश्यले यो लैससास नीति विस्तृत कार्यान्वयन योजना तयार गरिएको हो।

## १.१. अन्तराष्ट्रिय तथा राष्ट्रिय प्रावधान

संयुक्त राष्ट्रसंघले मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई सदस्य राष्ट्रहरूमा परिपालना गराउँदै विभेद रहित, न्यायपूर्ण र समतामूलक शासन पद्धति विकास गराउन समय समयमा विभिन्न घोषणा तथा महासन्धिहरु पारित गरेको छ। यिनीहरूमा सबै किसिमका जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध १९६६, महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि १९७९, बाल अधिकार सम्बन्धी महासन्धि १९८९, द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र १९७४, महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि न. १६९, समान कामका लागि समान पारिश्रमिक सम्बन्धी महासन्धि १९५१ (आईएलओ महासन्धि १००) र रोजगार

[1] राष्ट्रिय जनगणना २०७८

तथा व्यवसायमा हुने विभेद सम्बन्धी महासन्धि १९५८ १९५८ (आईएलओ महासन्धि १११), अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट जारी हिंसा र दुर्व्यवहार सम्बन्धी महासन्धि, २०१९ (सि १९०), लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसंग बढी सम्बन्धित छन्। खासगरी जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ले कानूनका नजरमा सबै समान रहेको र जात, रंग वा धर्मका आधारमा कसैलाई विभेद गर्न नपाइने कुरा स्पष्ट पारेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने महासन्धि १९७९ तथा महिला विरुद्ध हुने हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३ले महिला विरूद्ध गरिने भेदभाव, हिंसा, दुर्व्यवहार अन्त्य गरी महिलाहरूको समानताको हक स्थापना गर्न निर्देशित गर्दछ। महिला अधिकार र लैङ्गिक समानताका लागि बेजिङ्ग प्लाटफर्म कार्ययोजना १९९५ ले मानवताका हिसाबले महिलाहरूको समानतालाई अग्रता दिई उनीहरुमा शान्ती स्थापना गर्ने लक्ष लिएको छ । त्यसैगरी बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ ले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ।

लैङ्गिक समानता अगाडि बढाउन महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने महासन्धि १९७९ महत्वपुर्ण रहेको छ। यस महासन्धिले महिला विरुद्ध हुने भेदभाव उन्मूलन गर्ने तथा महिला र पुरुषबीच वास्तविक समानता कायम गर्ने मुख्य उद्देश्य राखेको छ। महिलाका मानव अधिकारहरु संरक्षण र सम्बर्द्धन गर्ने एक महत्वपूर्ण अन्तराष्ट्रिय लिखित दस्तावेजको रुपमा यो महासन्धि रहेको छ। यस महासन्धिले महिलाको आर्थिक, सामाजिक, राजनैतिक जीवनको अधिकार, ग्रामीण महिलाको अधिकार, स्वास्थ्य लगायत अधिकार सुनिश्चित गरेको छ। महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राज्यले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदनमाथि गर्ने टिप्पणीलाई निष्कर्ष प्रदान गर्ने गर्दछ। समितिले निष्कर्ष सुझावमा पक्ष राज्यमा महिला महासन्धि अन्तर्गतको उत्तरदायित्व कार्यान्वयनमा रहेका कमि कमजोरी तथा अभावहरुलाई औंल्याउने, तथा महासन्धि अन्तर्गतको दायित्वहरु पालन गर्न आवश्यक सुझावहरु दिने काम गर्दछ।

संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा हासिल गर्ने गरी घोषणा गरेको दिगो विकासका १७ वटा लक्ष्यहरू तथा १६९ सहायक लक्ष्यहरु मध्ये लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने संग सम्बन्धित छ। यसका सहायक लक्ष्यहरूले महिला तथा किशोरीहरू बिरुद्ध हुने सबै प्रकारका विभेद, बेचबिखन, यौन शोषण, हिंसा, बाल विवाह अन्त्य गर्ने, सार्वजनिक सेवा तथा घर परिवारमा साझा जिम्मेवारी प्रवर्धन गर्ने, घरयासी कामको आर्थिक गणना गर्ने, राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाहरूको प्रभावकारी नेतृत्व र सहभागिता हुनुपर्ने कुरा स्पष्ट पारेको छ।

संयुक्त राष्ट्रसंघबाट पारित मानव अधिकार, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित महासन्धिहरू, घोषणाहरू र दिगो विकास लक्ष्यले लिएका उदेश्य हासिल गर्न नेपालले आफ्ना प्रयासको थालनी गरिसकेको छ। नेपालले सबै किसिमका जातीय विभेद अन्त्य गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि ३० जनवरी १९७१, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि (सिड) २२ अप्रिल १९९१, बाल अधिकार सम्बन्धी महासन्धि १४ सेप्टेम्बर १९९०, र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि

७ मई २०१०मा अनुमोदन गरी यिनीहरूको कार्यान्वयनका लागि आवश्यक आधारहरू तयार गर्दै आएको छ। यसको लागि नेपालको संविधान, नीति, कानून तथा रणनीतिहरू अग्रगामी बनाउदै लैङ्गिक समानता तथा सामाजिक समावेशी समाज बनाउन आधार तयार गरिएको छ।

नेपालको संविधान २०७२को प्रस्तावनाले नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसात गरी विविधताका बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिस्चत गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। नेपालको संविधानको धारा १८ले समानताको हक, धारा २४ ले छुवाछुत विरुद्धको हक, धारा ३८ले महिलाको हक, धारा ३९ ले बालबालिकको हक र धारा ४० ले दलितको हक संबन्धी व्यवस्था गरेको छ । धारा ३८ले महिलालाई लैङ्गिक भेदभाव रहित समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजननको हक, समानुपातिक सहभागिताको हक, सेवा तथा अवसरहरुमा साकारात्मक विभेद, सम्पति तथा परिवारमा समान दम्पतीको हकको व्यवस्था गरेको छ।

संविधानका यी हकहरूको संरक्षण तथा अन्तराष्ट्रिय महासन्धिहरूका प्रावधानहरूसंग तादम्यता राख्दै लैङ्गिक समानता र सामाजिक हिसाबले समावेशी समाज बनाउन नेपालमा आवश्यक नीति, कानून र रणनीतिहरू बनाई कार्यान्वयन थालिएको छ।

नेपाल सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ जारी गरी लैङ्गिक समानता र सामाजिक समावेशीरणलाई राष्ट्रिय स्तरमा समान रुपले अगाडि बढाउने मार्ग प्रसस्त गरेको छ। उक्त नीतिलाई कार्यान्वयन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मंन्त्रालयले लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति २०२१ तयार गरी स्थानीयकरणलाई अगाडि बढाएको छ। बालबालिकाहरूको अधिकारलाई व्यवस्थित र संरक्षित गर्न नेपाल सरकारले राष्ट्रिय बालबालिका नीति २०८० जारी गरिसकेको छ। यस नीतिले बालबालिकाको उच्चत्तम हितलाई ध्यानमा राखी उनीहरूको सर्वाङ्गिण विकास तथा अधिकारको सम्मान, संरक्षण र प्रबर्धन गर्ने लक्ष्य लिएको छ। यसका लागि बालमैत्री वातावरण बनाउने र बालबालिकामा हुने सबै किसिमका हिंसा, दुरब्यबहार, शोषण र उपेक्षालाई अन्त्य गर्ने उदेश्य लिएको छ। त्यसैगरी नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८० तयार गरी सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्य लिएको छ। यसबाट बालबालिकाको सर्वाङ्गिण विकासका लागि वातावरण बन्ने र उनीहरूको संबृद्धिमा योगदान पुग्ने अपेक्षा राखिएको छ।

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी राष्ट्रिय नीति २०८० तयार गरेको छ। जसमा अपाङ्गता भएका व्यक्तिहरूको सम्मान र अधिकारको प्रवर्धन गर्दै समावेशी र समतामूलक समाज निर्माण गर्ने परिदृष्य लिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको सबै तहमा समानुपातिक सहभागिता र पहुँच सुनिस्चित गरी उनीहरूको

आर्थिक तथा सामाजिक अधिकार सशक्तीकरण गरी ससम्मान जीवन यापनको अवसर बनाउने यो नीतिको लक्ष्य हो। यो नीतिले अपाङ्गता भएका व्यक्तिलाई सक्षम, सबल र प्रतिस्पर्दी नागरिक बनाउदै आर्थिक र सामाजिक रूपमा सशक्तीकरण गर्ने, भौतिक पूर्वाधार, यातायात र संचारलाई अपाङ्ग मैत्री बनाई समतामूलक समावेशी शासन व्यवस्थ प्रवर्धन गर्ने उदेश्य लिएको छ।

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को कार्यान्वयन कार्ययोजनाले बनाई नीतिलाई कार्यमा परिणत गर्न क्रियाकलापहरू समेटी कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह तथा सहयोगी निकायहरूको भूमिकालाई स्पष्ट पारेको छ ।

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ले लैङ्गिक समानतायुक्त राष्ट्र बनाउने दिर्घकालिन सोच लिएको छ। यसका लागि सबै क्षेत्रमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिस्चित गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणद्वारा लैङ्गिक समानता प्रवर्धन गर्ने दूरदृष्टि राखेको छ। लैङ्गिक समानता नीति २०७७ले चारवटा उदेश्यहरू १) महिला, किशोरी तथा बालिकाको सामाजिक तथा आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था, २) लैङ्गिक भेदभाव, हिंसा, शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यमान्यतामा आधारित समाज स्थापना, ३) लैङ्गिक उत्तरदायी शासन पद्धति र ४) महिलाको आर्थिक सशक्तीकरण रहेका छन्। यिनै उदेश्यहरूलाई प्रभावकारी कार्यान्वयन गर्न कार्यान्वयन कार्ययोजनाले क्रियाकलापहरू सुझाएको छ।

संवैधानिक प्रावधान र राष्ट्रिय लैङ्गिक समानता नीति कार्यान्वयनलाई अगाडि बढाउन नेपाल सरकारले आवश्यक ऐन कानूनहरू निर्माण गर्दै आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार संबन्धी ऐन २०७४, बोक्सीको आरोप (कसूर र सजाय) ऐन २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर तथा सजाय) ऐन २०६८, घरेलु हिंसा (कसूर र सजाय) ऐन २०६६, र महिला, दलित, जनजाती, माधेशी आयोग गठन संबन्धी अलग अलग ऐनहरू लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई प्रवर्धन गर्नका लागि महत्वपूर्ण रहेका छन् ।

राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ लाई आधार मानी कर्णाली प्रदेश सरकारले आफ्नो प्रदेशको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति २०७८ तयार गरी स्थानीयकरणलाई अगाडि बढाएको छ । कर्णाली प्रदेशका नीतिले पाँच उदेश्य राखी यसलाई हाँसिल गर्न १६ वटा रणनीतिहरू तथा ११० कार्यानीतिहरू सुझाएको छ। लैङ्गिक समानता र समावेशीकरणका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने, महिला तथा बञ्चितीमा परेका व्यक्तिहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने, विभेद, हिंसा, शोषण जस्ता हानिकारक सामाजिक परम्परा र संस्कारको अन्त्य गर्दै समानता र समावेशी शासन पद्धति प्रवर्धन गर्ने कर्णाली प्रदेशले लिएका उदेश्यहरू राष्ट्रिय लैङ्गिक समानता नीति २०७७को उदेश्यसंग समान छ। कर्णाली प्रदेशको लैससास नीतिले लिएको उदेश्यमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यूवा र बालबालिकाहरूको अनुभव, ज्ञान, सीप र सिर्जनशीलताको उपयोग गरी विकासमा योगदान पुर्याउने थप रहेको देखिन्छ ।

खड्क सिंह (विवश)
अध्यक्ष

कर्णाली प्रदेश सरकारको नीतिले लिएका उदेश्य प्राप्तीका लागि ऐन कानूनमा परिवर्तन, नेतृत्वमा महिलाको समानुपातिक प्रतिनिधित्व अभिबृद्धि, प्रदेश तथा स्थानीय तहमा लैससास शाखा स्थापना, सेवामा समानुपातिक नियुक्ती, कार्यस्थलमा स्तनपान कक्ष, कार्यालय समयमा लचकता, अपाङ्ग मैत्री संरचनाका मापदण्ड निर्माण, लैङ्गिक तथा अपाङ्गता समावेशी शिक्षा संबन्धी विद्यालयको पाठ्यक्रम, खण्डिकृत तथ्याङ्क व्यावस्थापन, महिलाको घरभित्रको कामको आर्थिक गणना, महिलाको संपतिमाथिको हक प्रवर्धन जस्ता महत्वपूर्ण कार्यनीति रहेको छ।

## १.२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित मानव अधिकारका सिद्धान्तहरू

देहाएका मानव अधिकारका सिद्धान्तका आधारमा लैङ्गिक समानता तथा सामाजिक समावशीकरण रणानीतिको विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ।

१. विभेद रहितः यो रणनीति कार्यान्वयनका सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्क, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक तथा पिछडिएका क्षेत्र तथा समुदाय, जातजाती, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनैपनि आधारमा भेदभाव गरिने छैन।

२. सारभूत समानताः यो रणनीति विस्तृत कार्यान्वयन योजनाले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्त्व, अधिकार र परिणाममा समानताको सिद्दान्तलाई आत्मसात् गरेको छ।

३. कोहि पछाडि नछुटुनः  दिगो विकास लक्ष्यको कोहि पनि पछाडी नछुटुन् भन्ने अवधारणालाई यस रणनीतिले अवलम्बन गरेको छ।

४. अर्थपूर्ण सहभागितः यो विस्तृत कार्यान्वयन योजनाले गाउँपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाति क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ।

५. उत्तरदायित्व तथा जवाफदेहिताः यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरु सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ।

६. शून्य सहनशीलताः यो विस्तृत कार्यान्वयन योजनाले गाउँपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

७. कसैलाई पनि हानी नपुर्याउनेः यस विस्तृत कार्यान्यिन योजनाले समेटेका गतिविधिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अबलम्बन गरेको छ।

खड्क बिक्रम बिष्ट
अध्यक्ष

## १. ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिमा भएका प्रावधान र स्थानीय तहबाट समेट्न पर्ने थप विषयहरू

नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले तयार गरेको राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ र यो नीति कार्यान्वयनका लागि तयार गरेको कार्यायोजना, तथा कर्णाली प्रदेशले तयार गरेको लैससास नीति २०७८का बीचमा धेरै कुरामा तादम्यता देखिन्छ। यसका चार वटा उदेश्यमा समानता देखिन्छ । यी चारवटा बाहेक कर्णाली प्रदेशको नीतिमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यूवा तथा बालबालिकाको ज्ञान, सीप, क्षमता र श्रृजनशीलताको उपयोग गर्ने उदेश्य थप गरेको देखिन्छ।

चौकुने गाउँपालिकाले पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीतिक योजना तयार गरी कार्यान्वयनको आधार तयार गरेको छ। गाउँपालिकाको लैससास मूलप्रवाहिकरण रणनीतिक योजनाले महिला, सिमान्तकृत वर्ग तथा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूको अर्थपूर्ण सहभागीता गराई गाउँको विद्यमान नकारात्मक सामाजिक मूल्य, मान्यता, संस्कार र व्यवहारमा परिवर्तन ल्याई गाउँपालिकाको नीति, कार्यक्रम र अनुगमन प्रणालीमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहिकरण गर्ने लक्ष्य लिएको छ। यसले नीतिगत र कानूनी संरचनामा लैससास सुनिस्चित गर्ने, योजना तर्जुमालाई लैससास मैत्री बनाउने, लैससास मैत्री बजेट तथा कार्यक्रमबाट गाउँपालिकाको सेवा प्रवाहलाई लैससास मैत्री बनाउने र लैससास कार्यान्वयनका लागि गाउँमा आवश्यक संरचना तथा संयन्त्र निर्माण गर्ने उदेश्य राखेको छ। लैससास विस्तृत कार्यान्वयन योजनामा राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ तथा कर्णाली प्रदेशको लैससास नीति २०७८ले समेटेको लैङ्गिक भेदभाव, हिंसा, शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यमान्यतामा आधारित समाज स्थापना गर्ने र महिलाको आर्थिक सशक्तीकरण गर्ने उदेश्यलाई समेत समेटिएको छ। यस गाउँपालिकाले अपाङ्गतालाई समेत समेटेर लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका लागि थप व्यवस्था गर्न आवश्यक छ। तसर्थ चौकुने गाउँपालिकाको लैससास मूलप्रवाहिकरण रणनीतिक योजना, कर्णाली प्रदेशको लैससास नीति तथा राष्ट्रिय लैङ्गिक समानता नीति २०७७को कार्यान्वयन योजना, १६औं योजनाले लैससासका लागि तोकेका कार्यक्रमहरू र सरोकारवालाहरूको परामर्श समेतलाई समेटेर यो लैससास विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ।

## १. ४. सोहौं योजनाको प्रावधान

नेपाल सरकारको वि.स. २१०० सम्मको दिर्घकालिन लक्ष्य "संबृद्ध नेपालः सुखि नेपाली" लाई योगदान पुर्याउने गरि २०८१/८२ देखि २०८५/८६ लागि सोहौं योजना बनेको छ। नेपालको संविधानको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पलाई आत्मसात् गर्दै १६औं योजनाको परिच्छेद ८ मा लैङ्गिक समानता, सामाजिक न्याय र सामावेशी समाजलाई राखिएको छ। १६औं योजनाले बाल विवाह, बहु विवाह, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको जबरजस्ती विवाह, छाउपडी, बोक्सी

जस्ता हानिकारक परम्परा, लैङ्गिक हिंसा, विभेद र शोषणको अन्त्य, सिमान्तकृत वर्गको आर्थिक तथा सामाजिक सशक्तीकरण र उनीहरूको अर्थपूर्ण सहभागिता, महिलाको कामको सन्मान र आर्थिक गणनालाई चुनौतिको रूपमा स्वीकार गरेको छ।

यी चूनौतीलाई संवोधन गर्न यस १६औं योजनाले लैङ्गिक समानता, सशक्तीकरण, सामाजिक न्याय र समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहिकरण र स्थानीयकरण गर्ने, तहगत र क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्धन गर्ने, लक्षित समुदायको अर्थपूर्ण सहभागिता सुनिस्चित गर्ने, तथ्यप्रमाणका आधारमा निर्णय लिने प्रणालीको विकास गर्ने, सकारात्मक विभेदका नीति अवलम्बन गर्ने रणनीति अघि सारेको छ।

१६औं योजनाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्न प्रशासकीय प्रबन्ध तथा नीतिगत एवं कानूनी सुधार, अन्तराष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय कार्यायोजना कार्यान्वयन, लक्षित वर्गको पहिचान तथा वर्गीकरण र उनीहरुका लागि विशेष कार्यक्रम, अपाङ्ग मैत्री जीवन सहजीकरण, बाल अधिकार संरक्षण तथा प्रवर्धन, लक्षित वर्ग विशेष सामाजिक विकास तथा एकीकरण, तथ्य र प्रमाणमा आधारित सूचना व्यवस्थापन, अनुगमन, मुल्याङ्कन प्रणाली, दलित सशक्तीकरण, सामाजिक जागरण तथा सचेतनामूलक अभियान, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक तथा लैङ्गिक मैत्री संरचना जस्ता कार्यक्रमहरू समावेश गरेकोछ।

१६औं योजनाले यसको अन्त्यसम्ममा हासिल गर्ने परिमाणात्मक लक्ष्य समेत निर्धारण गरेको छ। खासगरी बि.सं. २०८५/८६ सम्ममा यस योजनाले लैङ्गिक विकास सूचकाङ्क ०.८८५बाट ०.९६७, लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क ०.४६बाट ०.५९, सामाजिक सशक्तीकरण सूचकाङ्क ०.५८बाट ०.६५, जीवनकालमा शारीरिक वा मानसिक वा लैङ्गिक हिंसा पिडित महिला २३.४%बाट २०%, महिलाको प्रतिनिधित्व संघीय संसदमा ३३.६% बाट ४०%, प्रदेश संसदमा ३४.५%बाट ४०%, स्थानीय तहमा ४०.९%बाट ४५%, सार्वजनिक सेवामा महिलाको प्रतिनिधित्व २९.५%बाट ३५%, घर जग्गामा स्वमित्व भएका महिला २३.८%बाट ३५%, श्रमशक्तीमा महिलाको सहभागिता दर २६.३%बाट ३५%, सार्वजनिक सेवाको नीति निर्माण तहमा महिला १३.७%बाट २०%, लैङ्गिक उत्तरदायी बजेट ४०%बाट ५०%, विद्यालय वा कार्यस्थलमा महिनावारीका कारण अनुपस्थित हुने महिला ९.४%बाट ४% पुर्याउने लक्ष्य निर्धारण गरिको छ।

राष्ट्रिय स्तरमा बनेका योजनाका कार्याक्रमहरू स्थानीय तहले कार्यान्वयन गरेर नै लक्ष्य हाँसिल गर्न सकिने भएकाले स्थानीय तहको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति कार्यावन्वयनको लागि बनाइने विस्तृत कार्यान्वयन योजनाले १६औं योजनाले समेटेका कार्यक्रम तथा लक्ष्य हासिल गर्न योगदान पुर्याउने कुरालाई ध्यानमा राखेर क्रियाकलापहरू राखिएका छन्।

## २. कार्य योजनाको आवश्यकता, उदेश्य, बिधि र प्रकृया

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण "संबृद्ध नेपाल सुखी नेपाली" भन्ने नेपाल सरकारले निर्धारण गरेको दिर्घकालिन लक्ष्यको महत्वपूर्ण आयाम हो। लैङ्गिक समानता र सामाजिक समावेशीकरणले सबै



खड्क विक (विश्वा)
अध्यक्ष

मानिसहरूको आत्मसम्मान उच्च गराउँछ र विकास र शान्ति अभियानमा सबैको योगदान बढ्दछ। समानता र समावेशीकरणले कोहि दुःखी नहुने वातावरण बन्दछ र सबैलाई खुसी मिल्दछ। त्यसैले नेपालको संविधान २०७२ को मर्म र अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धता अनुसार नेपालका तिनै तहका सरकारले लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्धनका लागि आवश्यक नीति, ऐन, नियम र रणनीति निर्माण गरी कार्यान्वयनको तयारी गरिसकेका छन्। लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति अनुसार गरिने कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकाय स्थानीय तह भएकाले स्थानीय तहले के कस्ता क्रियाकलापहरू कार्यान्वयन गर्ने भन्ने कुरामा स्पष्ट हुन जरूरी छ। चौकुने गाउँपालिका आफै र गाउँपालिका क्षेत्रमा भित्र लैससासमा काम गर्ने सबै संघ संस्था बीच लैससास सम्बन्धमा साझा बुझाई र लैङ्गिक समानाता र सामाजिक समावेशीकरणमा तय गरिएका लक्ष्य हासिल गर्न संचालन गरिने विस्तृत क्रियाकलापहरू पनि साझा हुन जरूरी छ। यसले कार्यान्वयनमा एकरुपता ल्याई उदेश्य हाँसिल गर्न सजिलो बनाउछ। त्यसैले लैससास रणनीति कार्यान्वयनका लागि सबै सरोकारवालाहरूको सहभागितामा यो लैससास विस्तृत कार्यान्वयन योजना तयार गरिएको हो।

यस विस्तृत कार्यान्वयन कार्यायोजनाको मूख्य उदेश्य चौकुने गाउँपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण रणनीति योजना कार्यान्वयन गर्ने साझा आधार तयार गर्ने अपेक्षा गरिएको छ।

यसका विशिष्ठ उदेश्यहरू-

क) लैससास नीति तथा रणनीतिलाई कार्यान्वयन गर्न आवश्यक स्रोत व्यवस्थापन तथा क्रियाकलापहरूलाई समान र निरन्तर संचालन गर्नका लागि गाउँपालिकालाई सहजीकरण गर्ने।

ख) लैससास नीति तथा रणनीतिलाई कार्यान्वयन गर्न साझा विस्तृत क्रियाकलापहरू तयार गरी लैससासका सवाललाई मुलप्रवाहिकरण गर्न यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई सक्षम बनाउने।

ग) लैससास कार्यान्वयनमा गरिएका प्रयासलाई सुदृढ गर्न, समिक्षा गर्न र अनुगमन गर्न गाउँपालिकालाई सक्षम बनाउने।

मौजुदा दस्तावेजहरूको विश्लेषण, गाउँ कार्यपालिका र सरोकारवालाहरूको प्रत्यक्ष योगदान, र लैससास क्षेत्रका विज्ञहरूको अनुभव समेतको संयुक्त प्रयासबाट यो लैससास नीति २०७८को विस्तृत कार्यान्वयन योजना तयार गरिएको छ।

**क) लैससाससंग सम्बन्धित दस्तावेजहरूको अध्ययनः** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति विस्तृत कार्यान्वयन योजना निर्माणका क्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा भएका अन्तराष्ट्रिय प्रावधानहरु, नेपालको संविधान २०७२, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, राष्ट्रिय बालबालिका नीति २०८०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नीति २०८०, १६ औं योजना, स्थानीय सरकार संचालन ऐन २०७४मा भएको लैससाससंग सम्बन्धित प्रावधानहरु, दिगो विकास लक्ष्य ५, कर्णाली प्रदेशको

लैससास नीति २०७८, चौकुने गाउँपालिकाको लैससास नीति मुलप्रवाहिकरण रणनीतिक योजना, गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट, राष्ट्रिय जनगणना २०७८ का लैङ्गिक समानता सम्बन्धी तथ्याङ्क आदि अध्ययन तथा विश्लेषण गरि वस्तुगत अवस्था र विस्तृत कार्यान्वयन योजनाको आवश्यकताको आधार र औचित्यता स्पष्ट पारिएको थियो।

**ख) गाउँ स्तरीय सरोकारवालासंगको परामर्श गोष्ठीः**

यो कार्यान्वयन योजना निर्माणको क्रममा चौकुने गाउँ कार्यपालिकाका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू र गाउँपालिका क्षेत्रमा लैससासमा काम गर्ने संघसंस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग एकदिने छलफल तथा अन्तरक्रिया गरी लैससास विस्तृत कार्यान्वयन योजनाका मूख्य विषयगत क्षेत्र र क्रियाकलापहरू निर्धारण गरिएकोछ । यसैगरी महिला तथा बालबालिका शाखाका कर्मचारीहरूसंग थप छलफल गरी पालिकास्तरबाट भएका लैससास कार्यान्वयनका प्रयासहरू, त्यससंग सम्बन्धित अन्य दस्तावेजहरू, लैङ्गिक वजेट कोड राख्ने अभ्यास तथा अन्य असल अभ्यासहरू लगायतका विषयहरूबारे जानकारी लिइ यस कार्ययोजनामा समेट्न सकिने विषयवस्तुको जानकारी लिइएको थियो।

**ग) लैससास विस्तृत कार्यान्वयन योजनाको मसौदाः** गाउँपालिकाको परामर्श गोष्ठी तथा अन्य छलफलका सुझावहरू, मौजुदा चौकुने गाउँपालिकाको लैससास नीति मुलप्रवाहिकरण रणनीति योजना, राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ को कार्यान्वयन योजना, १६ योजनाका प्राथमिक कार्यक्रमहरू, कर्णाली प्रदेशको लैससास रणनीति समेतलाई ध्यानमा राखी विस्तृत कार्ययोजनाको मस्यौदा तयार गरिएको छ। मस्यौदा कार्ययोजना सरोकारवालाहरूको अध्यायनका लागि पृष्ठपोषण गोष्ठि भन्दा एक हप्ता अगाडि नै उपलब्ध गराएको थियो।

**घ) लैससास विस्तृत कार्यान्वयन योजनाको मस्यौदामाथि छलफलः** मस्यौदालाइ अन्तिम रूप दिने सम्बन्धमा गाउँपालिकाले शुरू परामर्श गर्दा सहभागी भएका सरोकारवालाहरूसँग पुनः एक दिनको छलफल आयोजना गरी विस्तृत कार्ययोजनाका विषयवस्तुहरू खासगरि विषयगत क्षेत्र र यस अन्तर्गत रहेका क्रियाकलापहरूमा अन्तिम सुझावका लागि छलफल गरिएको छ। सोही बमोजिम प्राप्त सुझावहरूलाई थप स्पष्ट पार्दै गाउँपालिकाको समग्र परिवेश एवम् आवश्यकता र औचित्यता अनुसार थपघट गरी यो विस्तृत कार्यान्वयन योजनालाइ अन्तिम स्वरुप दिइएको छ।

**ङ) गाउँ कार्यपालिकाबाट स्विकृतः** गाउँ पालिकाले लैससास विस्तृत कार्यान्वयन योजनाको गहन अध्ययन गारि कार्यपालिकाको मिति...................... को बैठकबाट यो लैससास विस्तृत कार्यान्वयन योजना पारित गरी लागू गरिएको छ।

## ३. सरोकारवालाको नक्साङ्कन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्यिन लागि यस क्षेत्रमा काम गर्नको लागि लैससास प्रति चासो राख्ने र यसलाई प्रवाभ पार्न सक्ने विभिन्न सरकारी निकायहरू, विकास साझेदार, गैर

सरकारी साझेदारहरु, सामुदायिक संस्थाहरु र नागरिक संस्थाहरुलाई नै मुख्य सरोकारवालाका रुपमा पहिचान गरिएको छ । गाउँपालिका क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा तथा कार्यान्यिन गर्न निम्नबमोजिमका सरोकारवालाहरु पहिचान भई भूमिकाहरू तोकिएको छ।

| मुख्य सरोकारवाला | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको लागि सरोकारवालाको भुमिका |
|---|---|
| • चौकुने गाउँपालिका | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति, कार्यविधि, कार्ययोजना निर्माण गर्ने ।<br>• लैससासको लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमग तथा मुल्याङ्कन गर्ने।<br>• लैससास क्षेत्रमा काम गर्ने संघसंस्थाहरूसंग समन्वय तथा सहकार्य गर्ने।<br>• लैससास समितिले पेस गरेको अनुगमन प्रतिवेदन ग्रहण गर्ने र सुधार गर्दै लैजाने। |
| • लैससास कार्यन्वयन समिति | • गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि तथा दस्तावेजमा लैससासको विषयवस्तु समावेश गरी मुलप्रवाहीकरण गर्ने।<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण का समस्या समाधान गर्न प्राविधिक सहयोग गर्ने।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीलतिाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य सरोकारवाला निकाय सँग प्रभावकारी समन्वय गर्ने।<br>• गाउँपालिका स्तरमा खण्डिकृत तत्थ्याङ्क राख्ने डाटाबेस राख्न सहजीकरण गर्ने।<br>• लैससास विस्तृत कार्यान्वयन योजना अनुगमनलाई व्यवस्थित गर्ने। |
| • न्यायिक समिति | • गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्धाहरुमा सम्बन्धित निकायमा सिफारिस गर्ने।<br>• सबै वडा तहमा मेलमिलाप केन्द्र संचालन गर्ने । |
| • महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | • लैससास सम्बन्धी बनेका नीति तथा रणनीतिको कार्यान्वयन गराउने।<br>• महिला, बालबालिका तथा लक्षित वर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने।<br>• लैससासको शीर्षकमा विनियोजन भएको बजेटको समयमानै खर्च गर्ने। |

| | |
|---|---|
| | • लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयनमा नेतृत्वदायी भुमिका खेल्ने। |
| • वडा समिति | • वडा तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यवस्थापन गर्ने।<br>• योजना छनौट प्रक्रियामा महिला तथा लक्षित वर्गसंग छट्टाछुट्टै छलफल गरी उनिहरुको व्यावहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्राथामिकीकरण गर्ने।<br>• टोल स्तरमा लैससास सम्बन्धी सचेतना कार्यक्रम गर्ने। |
| • मेलमिलापकर्ता | • वडा स्तरमा हुने विवादको समाधाग तथा समाधान हुन नसक्ने मुद्धालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारिस गर्ने। |
| • टोल विकास सस्था | • टोलमा संचालन हुने विकास निर्माण, योजना तर्जुमा तथा कार्यान्यनमा महिला तथा लक्षित वर्गको सहभागिताको सुनिश्चित गराउने ।<br>• टोलमा बसोबास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने।<br>• सबै प्रकारका हिंसा तथा सामाजिक कु-प्रथा रोक्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने।<br>• आफ्नो टोललाई लैससासमैत्री तथा वातावरणमैत्री बनाउन कार्यक्रम संचालन गर्ने। |
| • इलाका प्रहरी कार्यालय | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरी पिडितलाई संरक्षण र दोषी उपर कार्वाही गर्ने। |
| • नागरिक समाज | • महिला तथा बञ्चितिकरणमा परेका समुहहरुका लागि सामाजिक परिचालनका क्रियाकलापहरुमा सहयोग गर्ने।<br>• समावेशी सवालमा आवाज उठाउने र सामाजिक विभेद तथा कुरीती विरुद्ध जनचेतनामुलक कार्यक्रम गर्ने।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरूको वकालत गर्ने। |
| • महिला तथा बालिकाका क्षेत्रमा काम गर्ने गैसससहरु (आवाज, स्याक नेपाल, किर्डाक नेपाल, टिपिओ, सोसेक, सशक्त महिला समृद्ध नेपाल कार्यक्रम) | • गाउँपालिकाको लैससास रणनीति कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने।<br>• गाउँपालिकाको लैससास नीति तथा रणनीतिले प्राथामिकतामा राखेका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्ने।<br>• महिला तथा बञ्चितिकरणमा परेका समुहहरुका लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पर्याउने।<br>• महिलाको उद्दमशीलता विकासका लागि लगानी तथा क्षमता विकास गर्ने। |



खड्क विक (विश्रा)
अध्यक्ष

| | |
|---|---|
| | • लैङ्गिक हिंसा, सामाजिक विभेद, कु-प्रथा र अन्याय हटाउन सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने। |

## ४. स्थानीय सरकारको बजेट बिनियोजनको प्रक्रिया र आधार

चौकुने गाउँपालिकाले नेपाल सरकारले तय गरेको स्थानीय तहले वार्षिक योजना तथा बजेट तयार गर्दा पालना गर्नुपर्ने ७ चरणहरूलाई अनुशरण गर्दै आएको छ। गाउँपालिका उपाध्यक्षको नेतृत्वमा रहेको योजना तर्जुमा समितिले आवश्यक पूर्व तयारी, बजेटको स्रोत आँकलन तथा प्राथमिकता क्षेत्र तय गरी टोल तथा वडा स्तरीय माग संकलन गर्न परामर्श छलफल गर्दै आएको छ। **"दिगो र तिव्र विकास, चौकुनेको रहर, गुणस्तरीय शिक्षा र कृषिमा लहर"** नारा लिएर चौकुने गाउँपालिकाले **"समृद्ध गाउँ, सुखी जनता"** भन्ने लक्ष्य हाँसिल गर्नका लागि विकासका योजना तयारी गर्दै आएको छ। टोलबाट माग सूची बनेपछि वडा स्तरमा प्राथमिकीकरण गरी योजना समितिमा पेश हुने र सोहि सूचीका आधारमा योजना समितिले उपलब्ध स्रोत र प्राथमिकताका क्षेत्रलाई ध्यानमा राखी योजना तयार गर्ने गरेको छ।

गाउँपालिकाको योजना समितिले योजना छनौट गर्दा संघीय तथा प्रादेशिक सरकारको आगामी वर्षको योजना तथा बजेट, कर्णाली प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, गाउँपालिकाको नीति तथा कार्यक्रमले निर्धारण गरेको नारा र प्राथमिकता क्षेत्र, टोलवस्ती तथा वडा स्तरबाट आएका प्रथमिकता, स्थानीय सरकार संचालन ऐन २०७४ले तोकेको गाउँपालिकाको भूमिका समेतलाई ध्यानमा राखी योजना तयार गर्दै आएको छ। टोल तथा वस्ती र वडा स्तरबाट आउने विकासका मागहरूमा बढि जसो भौतिक पूर्वाधार तथा जीविकोपार्जनसंग सम्बन्धित आउने तर लैङ्गिक समानाता तथा समावेशीकरण कम प्राथमिकतामा पर्ने हुँदा ग्रामिण स्तरमा नै लैङ्गिक समानता, समावेशी विकास र यसको दिर्घकालिन फाइदा बारे सचेतना गराउन जरूरी छ ।

योजना समितिले तयार गरेको योजना तथा बजेट गाउँ सभाबाट पारित भएपछि गाउँपालिका अध्यक्षबाट प्रमूख प्रशासकीय अधिकृतलाई कार्यान्वयनका लागि कार्यदिश दिने काम हुन्छ र कार्यान्वयन अगाडि बढ्छ। गाउँपालिकाले योजना कार्यान्वयनमा जिम्मेवारी अनुसार वडा र गाउँपालिका तथा सम्बन्धित सरोकारवालाहरू समेतको सहभागितालाई अनिवार्य गर्दै कार्यान्वयन र अनुगमगन गरिदै आएको छ।

## ५. स्थानीय सरकारको लैंससास कार्यान्वयन कार्य योजना र वार्षिक योजनाको सम्बन्ध र अवस्था

चौकुने गाउँपालिकाको विगत २ वर्षको नीति तथा कार्यक्रम र बजेटले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न गरेका प्रयासहरू केहि सीमित छन्। नीति तथा कार्यक्रमले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्धनका लागि केहि विषयहरू समेटेको भएपनि बजेटमा त्यसलाई सम्बोधन गर्न पर्याप्त क्रियाकलापहरू राख्न सकिएको छैन।

२०८०/८१ र २०८१/८२को नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अभिवृद्धिका लागि केहि विषयहरू स्पष्ट रूपमा खोलिएको छ। जातीय छुवाछुत अन्त्य गरी समानता स्थापना गर्ने, बाल विवाह न्यनिकरण गर्ने, महिला बालबालिका, अल्पसंख्यक र आदिवासी उत्थानशील कार्यक्रम संचालन गर्ने, लैङ्गिक हिंसा मुक्त गाउँ घोषणा, लैङ्गिक परिक्षण गर्ने, अपाङ्गता पुनःस्थापना गर्ने, परम्परागत सीपलाई उद्यममा बदल्ने, बालमैत्री शासन प्रणाली, अपाङ्गका लागि पहुँच योग्य संरचना, महिला आत्मनिर्भर तथा सशक्तीकरण कार्यक्रम जस्ता विषय लैङ्गिक समानाता र सामाजिक समावेशीकरण अभिवृद्धिका लागि चौकुने गाउँपालिकाको नीति तथा कार्याक्रमले समेटेका विषय हुन्। लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई छुट्टै शिर्षकमा राखि नीति तथा कार्यक्रममा प्राथमिकताका साथ प्रस्तुत गरिएको छ।

यस गाउँ पालिकाले आ.व. २०८०/८१मा बजेट सारांशम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उप-क्षेत्र अन्तरगत रू. १,२८,८५,०००। बजेट विनियोजन गरेको थियो, जो कुल बजेट (रू. ५९,८२,११,०००) को २.२% र पूँजीगत बजेट (रू. १८,०९,५२,०००। )को ७.१% हो। तर गाउँपालिकाको आ.व. २०८१/८२ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उप-क्षेत्रमा छुट्याइएको बजेटको आकार र अनुपात दुवै घटेको छ। यस आ.व.मा लैससास उप-क्षेत्र अन्तरगत रू. ३५,९०,०००। बजेट विनियोजन गरिएको छ, जुन त्यो वर्षको कुल बजेट (रू. ५५,८५,८०,६९६। )को ०.६ % र पूँजीगत बजेट (रू. १२,५९,७८,०००। ) को २.८% मात्र हो। आ.व. २०८०/८१ मा पुँजीगत बजेटको ७.१ % बजेट लैससास उप-क्षेत्रमा छुट्याइएको भएपनि आ.व. २०८१/८२ मा निकै कम २.८% मात्र छुटिनुले पालिकाको बजेट विनियोजनमा स्थिरता र निरन्तरता ल्याउन थप पहल गर्नु पर्ने देखिन्छ।

सारांशमा लैससास उप-क्षेत्रमा बजेट देखिए अनुसार विस्तृत क्रियाकलापहरूमा लैङ्गिक तथा सामाजिक रूपान्तरण गर्नका लागि स्पष्ट क्रियाकलाप र बजेट व्यवस्था गरिएको देखिंदैन। कार्यक्रम तथा बजेटमा खासगरी दिवस तथा समारोह मनाउन, विपन्नलाई कानूनी सहायता गर्न, गरिबहरूको जीविकोपार्जन सहयोग गर्न, महिलाहरूलाई आत्म निर्भर तथा स्वरोजगार सीप र उद्यम सहयोग गर्न, अपाङ्ग छात्रवास बनाउन, बाल मैत्री वडा घोषणा गर्न, लैङ्गिक हिंसा मुक्त गाउँ घोषणा गर्न, एकद्वार संकट व्यवस्थापन केन्द्र संचालन गर्न, महिला सशक्तीकरण गर्न जस्ता केहि क्रियाकलापहरू राखिएका छन्।

खड्क विक्रम (विक्रम)
अध्यक्ष

यसरी २ वर्षको गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई विश्लेषण गरेर हेर्दा गाउँको योजना र बजेट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनलाई थप सकारात्मक दिशा तर्फ अगाडि लैजान राष्ट्रिय लैङ्गिक नीति २०७७को उदेश्य र यसको कार्यान्वयन योजना तथा कर्णाली प्रदेशको लैससास नीति २०७८को उदेश्य प्राप्तीका लागि, यस चौकुने गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिक योजनाका उदेश्यलाई कार्यमा उतार्न लैससास विस्तृत कार्यान्यिन योजना बनाएर सो अनुसार नियमित वार्षिक कार्यक्रम र बजेट बनाई कार्य संचालन गर्न आवश्यक छ। गाउँपालिकाको नीतिगत र कानूनी संरचना निर्माण गर्न, लैङ्गिक हिंसा, विभेद र शोषण अन्त्य गर्न, लैससास जवाफदेहि गाउँपालिकाको शासन पद्धति प्रवर्धन गरी महिलाहरूको आर्थिक सशक्तीकरणका लागि समान रूपमा आवश्यक क्रियाकलापहरू, प्रक्रिया र पद्धति विकास गरी लैङ्गिक समानता र समावेशी समाजमा रूपान्तरण गर्न गाउँपालिकाको थप प्रयास जरी रहनेछ।

## ६. विस्तृत कार्य योजना अनुगमन संयन्त्र तथा प्रक्रिया

चौकुने गाउँपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहिकरण रणनीति योजनाले गाउँ स्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति र वडा स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति रहने प्रावधान गरेको छ। लैससास नीति कार्यान्वयन योजनाले अनुगमनको जिम्मेवारी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिले गर्ने व्यवस्था गरेको छ। उक्त समितिको योजना निर्माण र कार्यान्वयनमा सहजीकरणका साथै अनुगमन समेतको भूमिका रहेको छ। लैससास कार्यान्वयन समितिको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन उपाध्यक्षको नेतृत्वमा निम्न ५ सदस्यीय अनुगमन तथा मुल्याङ्कन कार्यदल गठन गरी अनुगमनलाई चूस्त र व्यवहारिक बनाइनेछ।

क) गाउँपालिका उपाध्यक्ष — संयोजक

ख) सामाजिक विकास समिति संयोजक — सदस्य

ग) सामाजिक विकास शाखा प्रमूख — सदस्य

घ) महिला, बालबालिका र जेष्ठ नागरिक शाखा प्रमूख — सदस्य

ङ) गाउँपालिका क्षेत्रमा लैससास क्षेत्रमा काम गर्ने संघ संस्था मध्येबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिले तोकेको एकजना प्रतिनिधि — सदस्य

नोटः अनुगमन कार्यदलले आवस्यकता अनुसार महिला तथा लक्षित वर्गका व्यक्तिलाई अनुगमन समितिमा आमन्त्रण गर्न सक्नेछ।

अनुगमन समितिले निम्न अनुसार लैससासका कार्यक्रमको योजना, कार्यान्वयन, र यसको प्रभावकारिताको अनुगमन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिमा प्रतिवेदन पेश गर्नेछ।

क) खण्डिकृत तथ्याङ्क संकलन फर्मेट निर्धारण गरि क्रियाकलाप सम्पन्न भएपछि नियमित प्रतिवेदन पेश गर्ने प्रणालीको विकास गरिनेछ।

खड्क बिक (बिबशा) अध्यक्ष

ख) गाउँपालिकामा खण्डिकृत तथ्याङ्क राखे डाटाबेस तयार गरी नियमित अध्यावधि गरिने छ।

ग) योजना तर्जुमाका लागि बजेट निर्देशिका बनाउँदा  लैससासमा प्रत्यक्ष लाभ पुग्ने न्यूनतम प्रतिसत बजेट सुनिस्चित गर्ने परम्परा थालिनेछ।

घ) गाउँपालिकाको बजेट सुत्रमा लैससास संकेत (GRB coding) लागू गरी लैससास मैत्री बजेटको सुनिस्चित गरिनेछ।

ङ) वार्षिक योजना विस्तृत कार्यान्वयन योजनामा समावेश भएका क्रियाकलापहरूसंग सामानजस्यता भए नभएको सुनिस्चित गरिने छ।

च) वार्षिक योजनामा भएका क्रियाकलापहरु कार्यान्वयनमा अर्धवार्षिक रूपमा कार्यदलले फिल्डमा अनुगमन गरी यसको प्रभावकारिता, सुधारगर्नुपर्ने पक्ष बारे छलफल गरिनेछ।

छ) कार्यदलले लैङ्गिक तथा जनजातीको खण्डिकृत तथ्याङ्क विश्लेषण र फिल्ड अनुगमनको उपलब्धी समेतलाई समेटेर अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गरी लैससास समितिमा प्रस्तुत गर्नेछ।

ज) लैङ्गिक समानता तथा सामाजिक समितिले छलफल गरी अनुमोदन गर्ने  र गाउँ कार्यपालिकाको बैठकमा समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्नेछ।

झ) गाउँकार्यपालिकाले प्रतिवेदन प्रति छलफल गरि सुधार तथा आउँदो योजनाका तर्जुमा लागि आवश्यक निर्देशन् गर्नेछ।

खड्क बिक्रम बिष्ट
अध्यक्ष

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८, विस्तृत कार्यान्वयन योजना

अवधि: २०८१/८२-२०८५/८६

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| लैंससास रणनीतिको उदेश्य १: महिला, किशोरी तथा बालबालिका- को सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था गर्ने | | | | | | | | | |
| १ | लैङ्गिक हिंसा निवारण कोष संचालन मापदण्ड/कार्यविधि निर्माण | लक्षित वर्ग | गाउँ पालिका | नमूना कार्यविधि | | १ | √ | | स्वीकृत कार्यविधि |
| २ | सुरक्षित र मर्यादित कार्यस्थल निर्माणका लागि शुन्य सहनशिलताको नीति निर्माण (अन्तरष्टिय श्रम मापदण्ड अनुसार) | महिला | गाउँ पालिका | नमूना कार्यविधि | | १ | √ | √ | शुन्य सहनशिलताको नीति |
| ३ | लैङ्गिक, बाल तथा अपाङ्गतामैत्री संरचना सम्बन्धी मापदण्ड तथा निर्देशिका निर्माण (भवन निर्माण आचारसंहिता) | बालबालिका, अपाङ्गता भएका व्यक्ति | गाउँपालिका | | | १ | √ | √ | मापदण्ड |
| ४ | बाल अधिकार संरक्षण तथा प्रवर्द्धन एकिकृत कार्यविधि निर्माण/संसोधन | बालबालिका | महिला बालबालिका शाखा | नमूना कार्यविधि | | १ | √ | √ | संसोधित कार्यविधि |
| ५ | बाल विवाह अन्त्यका लागि रणनीति निर्माण | बालबालिका | महिला बालबालिका शाखा | रणनीति | | १ | √ | √ | रणनीति |
| ६ | घरेलु कामको आर्थिक मुल्याङ्कन मापदण्ड निर्माण | महिला | रोजगार शाखा | नमूना मापदण्ड | | २ | √ | √ | स्वीकृत मापदण्ड |
| ७ | गाउँपालिका स्तरमा एकिकृत स्याहार नीति निर्माण | लक्षित वर्ग | गाउँपालिका | | | २ | √ | √ | स्याहार नीति |



खड्क विक (विवश)
अध्यक्ष

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ८ | विपद संवेदनशील एवं समावेशीमुलक सामाजिक सुरक्षा कार्यविधि निर्माण | सबै | गाउँपालिका | | | १ | √ | | विपद संवेदनशील कार्यविधि |
| ९ | समुह/समिति गठन तथा संचालन मार्गदर्शन निर्माण (न्यूनतम महिला सहभागिता ४५%सहित) | महिला | गाउँपालिका | | | १ | √ | | मार्गदर्शन |
| १० | पालिका स्तरीय अपाङ्गता अधिकार समिति गठन संचालन तथा व्यवस्थापन कार्यविधि निर्माण | अपाङ्गता भएका व्यक्ति | महिला बालबालिका शाखा | | | १ | √ | | कार्यविधि |
| ११ | बाल क्लव संचालन तथा व्यवस्थापन कार्यविधि / निर्देशिका निर्माण | बालबालिका | महिला बालबालिका शाखा | नमुना निर्देशिका | | १ | √ | | स्वीकृत कार्यविधि / निर्देशिका |
| १२ | पालिका तथा वडा स्तरीय अपाङ्गता अधिकार समिति गठन र परिचालन | अपाङ्गता भएका व्यक्ति | महिला बालबालिका शाखा | | | २-निरन्तर | √ | | अपाङ्गता अधिकार समिति गठन र नियमित बैठक |
| १३ | पालिका तथा वडा स्तरीय जेष्ठ नागरीक अधिकार समिति गठन र परिचालन | जेष्ठ नागरीक | महिला बालबालिका शाखा | | | १-निरन्तर | √ | | जेष्ठ नागरीक अधिकार समिति गठन र नियमित बैठक |
| १४ | पालिका तथा वडा स्तरीय महिला समिति गठन तथा परिचालन | महिला | गाउँपालिका, वडा | | | निरन्तर | √ | | महिला समिति गठन र नियमित बैठक |
| १५ | लैङ्गिक मैत्री कार्यस्थल निर्माणका लागि आचारसंहिता निर्माण | कार्यरत व्यक्ति | गाउँपालिका | | | १ | √ | | आचारसंहिता |
| १६ | पालिका तथा वडा स्तरीय लैससास कार्यान्वयन समिति गठन, पुर्नगठन तथा परिचालन | सबै | गाउँपालिका, वडा | | | १ | √ | | लैससास कार्यान्वयन समिति गठन र नियमित बैठक |



खड्क रिक (विवश)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| १७ | बाल तथा किशोर किशोरी क्लव गठन, पुर्नगठन तथा परिचालन | महिला तथा बालबालिका | गाउँपालिका, वडा | | | २-निरन्तर | √ | √ | क्लव गठन र गठन र नियमित बैठक |
| १८ | बालकोषको स्थापना तथा परिचालन | बालबालिका | गाउँपालिका | | | १-निरन्तर | √ | √ | बालकोष |
| १९ | लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा परिचालन | लक्षित वर्ग | गाउँपालिका | | | २-निरन्तर | √ | √ | हिंसा निवारण कोष |
| २० | लैङ्गिक हिंसा निगरानी/निवारण समूह/संजाल गठन, पुर्नगठन तथा परिचालन | लक्षित वर्ग | वडा | | | १-निरन्तर | √ | √ | समूह गठन र नियमित बैठक |
| २१ | बाल संरक्षण मापदण्ड निर्माण | बालबालिका | गाउँपालिका | | | २ | √ | √ | मापदण्ड |
| २२ | लैङ्गिक हिंसामा परेका व्यक्ति केन्द्रित सिफारिस प्रणालीको स्थापना र परिचालन | सेवा प्रदायक निकायहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | सिफारिस प्रणालीको स्थापना |
| २३ | स्थानीय बाल अधिकार समिति गठन, पुर्नगठन तथा परिचालन | बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | बालअधिकार समिति गठन र नियमित बैठक |
| २४ | कार्यस्थलमा स्तनपान /शिशु स्याहार कक्ष निर्माण तथा संचालन | महिला तथा बालबालिका | गाउँपालिका | | | १ | √ | √ | कक्ष व्यवस्थापन |
| २५ | अनौपचारिक क्षेत्रका श्रमिकहरुका लागि सामाजिक सुरक्षाको नीति निर्माण र स्रोत व्यवस्थापन | लक्षित वर्ग | गाउँपालिका | | | २ | √ | √ | नीति |
| २६ | महिला, बालबालिका तथा सबै लक्षित समूहको लागि गाउँ पालिकाको कूल पुँजीगत बजेटको कम्तीमा १५% बजेट विनियोजन | लक्षित वर्ग | गाउँपालिका | | | २-निरन्तर | √ | √ | विनियोजित बजेट |
| २७ | महिला केन्द्रीत लगानी प्रर्वद्धनका लागि सार्वजानिक तथा निजी साझेदारीता सम्वन्धी कार्यविधि निर्माण | महिला | गाउँपालिका | | | २-निरन्तर | √ | √ | कार्यविधि |



खड्क विक (विश्रा)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| लैंससास रणनीतिको उदेश्य २: लैङ्गिक भेदभाव, हिंसा, र शोषण अन्त्य गरी समानता र लैङ्गिक मुल्यामान्यता-मा आधारित समाज स्थापना गर्ने । | | | | | | | | | |
| १ | दिवसीय कार्यक्रम (बाल दिवस, महिला हिंसा विरूद्ध १६ दिने अभियान, नारी दिवस, अपाङ्गता दिवस, जेष्ठ नागरीक, श्रम दिवस, अन्तर्राष्ट्रिय स्याहार तथा सहयोग दिवस आदी) | लक्षित वर्ग | गाउँपालिका / वडा | | | निरन्तर | √ | √ | दिवस, समारोह |
| २ | छाउपडी प्रथा उन्मुलनका लागि जनचेतना मुलक कार्यक्रम | महिला, बालबालिका | वडा | | | निरन्तर | √ | √ | कार्यक्रम उपस्थिति |
| ३ | लैङ्गिक विभेदको अवस्था र बालबालिकाको स्थितिको सर्वेक्षण गरी प्रतिवेदन निर्माण | महिला, बालबालिका | गाउँपालिका | | | २, ५ | √ | √ | प्रतिवेदन |
| ४ | सडक नाटक (नकारात्मक परम्परा, बाल विवाह, बाल श्रम, घरेलु हिंसा तथा सामाजिक भेदभाव विरूद्ध) | महिला, बालबालिका | गाउँपालिका / वडा | | | निरन्तर | √ | √ | लैङ्गिक सचेतना, र हिंसा प्रतिकार्यमा सोच |
| ५ | सामाजिक अगुवाहरू (शिक्षक, धामी तथा पुरोहितहरु)लाई लैङ्गिक हिंसा, मान्यता तथा वृहत्तर यौनिकता शिक्षा अभिमूखिकरण | सामाजिक अगुवा | गाउँपालिका | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| ६ | गाउँपालिकाका पदाधिकारी/कर्मचारी र सरोकारवालाहरुलाई लैससास सम्बन्धी तालिम | पदाधिकारी र कर्मचारी | गाउँपालिका | | | निरन्तर | √ | √ | क्षमता विकास |
| ७ | महिलाहरुमाथि हुने घरेलु हिंसा, लैङ्गिक हिंसा उन्मुलन गर्न नमूना जोडि परिचालन कार्यक्रम | लक्षित वर्ग | गाउँपालिका | | | १-निरन्तर | √ | √ | नमुना जोडिहरुको अभिलेख |
| ८ | सामाजिक कु-संस्कार भन्दा माथि उठेका समाजका उदाहरणीय महिलाहरुको पहिचान र परिचालन | अगुवा महिला | गाउँपालिका/ वडा | | | १-निरन्तर | √ | √ | लैङ्गिक समानता सहयोगी समाज |

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ९ | हिंसा पीडितलाई आवश्यकतामा आधारित निःशुल्क र गुणस्तरीय सेवा (स्वास्थ्य, शिक्षा, कानूनी, पुर्नस्थापना तथा जिविकोपार्जन) | लैङ्गिक हिंसा पीडित | गाउँपालिका | | | निरन्तर | √ | √ | प्रगती प्रतिवेदन |
| १० | विद्यालयस्तरको स्थानीय पाठ्यक्रम पुनरावलोकन तथा लैससास (वृहत यौनिकता शिक्षा) सचेतनाका विषयवस्तु समावेश र तालिम | बालबालिका | नगरपालिका | पाठ्यक्रम विकास केन्द्र | | १ | √ | | संसोधित पाठ्यक्रम |
| ११ | किशोर/किशोरी मैत्री सूचना केन्द्र स्थापना तथा संचालन (बिद्यालय तथा समुदायमा) | किशोर/कि-शोरी | गाउँपालिका | | | निरन्तर | √ | √ | सूचना केन्द्र |
| १२ | बाल हेल्पलाइन संचालनका लागि समन्वय | बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | सेवा लिएका बालबालिकाहरु-को विवरण |
| १३ | साइवर सुरक्षा तथा सूचना प्रविधिको प्रयोग सम्बन्धी सचेतना अभियान (प्रहरी संगको साझेदारीमा) | महिला बालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| १४ | गाउँपालिकाको स्याहार प्रोफाइल निर्माणको लागि स्याहार आवश्यकताहरु, सेवाहरु र नीतिहरुको नक्साकंन | लक्षित वर्ग | गाउँपालिका | | | १ | √ | √ | नक्साकंनको प्रतिवेदन |
| १५ | लैङ्गिक हिंसा र सिफारिस प्रणाली सम्बन्धी सेवा प्रदायक निकायहरुको क्षमता विकास | स्थानीय अगुवा तथा सेवा प्रदायक | गाउँपालिका | | | निरन्तर | √ | √ | तालिम पूर्व र तालिम पश्चातको मुल्यांकन |
| १६ | हानिकारक परम्परा तथा लैङ्गिक हिंसा संबन्धी समुदाय तथा पारिवारिक संवाद | समुदाय, परिवार | वडा | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| १७ | वडा स्तरीय लैससास सम्बन्धी कानूनी साक्षरता कक्षा | लक्षित वर्ग | गाउँपालिका | | | २-निरन्तर | √ | √ | कक्षा संचालनको उपस्थिति |
| १८ | नकारात्मक सामाजिक परम्परा तथा अभ्यास साबन्धी वक्तृत्व कला | यूवा | गाउँ/वडा | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |



खड्क विक (बिवशा)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| १९ | महिला हिंसा, भेदभाव र शोषण सम्बन्धी गुनासो व्यवस्थापन प्रणालीको स्थापना र संचालन | लक्षित वर्ग | गाउँपालिका | | | निरन्तर | √ | √ | गुनासो व्यवस्थापन प्रणालीको स्थापना |
| २० | बैंक खाता छोरीको सूरक्षा जीवन भरीको कार्यक्रमलाई सहजीकरण | बालिकाहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | छोरीहरुको बैंक खाताको अभिलेख |
| २१ | न्यायिक समिती तथा मेलमिलापकर्ताको क्षमता विकास | सेवाग्राहीहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | क्षमता विकास |
| २२ | एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र अल्पकालिन आश्रय स्थल संचालनका लागि सहजीकरण र क्षमता विकास | लक्षित वर्ग | गाउँपालिका | | | १-निरन्तर | √ | √ | एकद्वार संकट व्यवस्थापन केन्द्र र अल्पकालिन आश्रय स्थल संचालन अभिलेख |
| २३ | विधालयको गुनासो व्यवस्थापन समितिका पदाधिकारीहरुलाई गुनासो व्यवस्थापन र सिफारिस प्रणालि सम्बन्धी क्षमता विकास | शिक्षक तथा लैससास सम्पर्क व्यक्ति | गाउँपालिका | | | निरन्तर | √ | √ | गुनासो व्यवस्थापन, घटना सिफारिसको अभिलेख |
| २४ | स्थानिय रेडियो, एफ.एम., छापा संग सहकार्य गरी लैङ्गिक हिंसा, घरेलु हिंसा तथा सामाजिक कुरीति उन्मुलन गर्न सामाजिक सचेतनामुलक कार्यक्रम संचालन | लक्षित वर्ग | गाउँपालिका | | | निरन्तर | √ | √ | रेडियो जीङ्गल |
| २५ | अन्तरपार्टी महिला संजाल गठन तथा लैङ्गिक भेदभाव, हिंसा, शोषण विरूद्ध क्षमता विकास र परिचालन | महिला, बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | लैङ्गिक समानताको जनमत |
| २६ | रूपान्तरण प्रशिक्षक प्रशिक्षण तालिम | किशोरीहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | प्रशिक्षकहरुको अभिलेख |
| २७ | अभिभावकहरू तथा किशोरकिशोरीका लागि रुपान्तरण कक्षा | अभिभावक/ किशोरी | गाउँपालिका | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| २८ | सामुदायिक मनोसामाजिक परामर्शकर्ता तालिम तथा परिचालन | मनोसामाजिक परामर्शकर्ता | गाउँपालिका | | | निरन्तर | √ | √ | मनोसामाजिक परामर्शकर्ताको अभिलेख |



खड्क विक (विश्वा)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| २९ | बालमैत्री पालिका घोषणाका लागि कार्ययोजना निर्माण र अभियान संचालन | बालबालिका | गाउँपालिका | | | २-निरन्तर | √ | √ | बालमैत्री पालिकाका सूचकहरु |
| ३० | बालमैत्री पालिका घोषणा | बालबालिका | गाउँपालिका | | | ५ | √ | √ | बाल मैत्री पालिका |
| ३१ | हिंसामुक्त पालिका निर्माणका लागि सचेतनामूलक अभियान संचालन | महिला तथा बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| ३२ | सामाजिक सुरक्षासंग सम्बन्धित सरोकारवालाहरुलाई अभिमूखीकरण | लक्षित वर्ग | गाउँपालिका | | | १-निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| **लैंससास रणनीतिको उदेश्य ३: लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु** | | | | | | | | | |
| १ | निशुल्क Cancer Screening शिविर संचालन । | महिला तथा किशोरीहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | शिविर संचालनको प्रतिबेदन |
| २ | अपाङ्गता परिचय पत्र वितरण शीविर संचालन । | अपाङ्गता भएका व्यक्ति | गाउँपालिका | | | निरन्तर | √ | √ | परिचयपत्र वितरको अभिलेख |
| ३ | वडा/टोल स्तरीय लैससास अभिमूखिकरण । | सबै | वडा | | | २-निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| ४ | आवधिक योजनामा लैससास मैत्री प्रावधानको संशोधन। | लक्षित वर्ग | गाउँपालिका | | | २ | √ | √ | संशोधित आवधिक योजना |
| ५ | बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशन र वितरण | बालबालिकाहरु | गाउँपालिका | | | २-निरन्तर | √ | √ | स्थिति पत्र |
| ६ | पालिकाको लैङ्गिक उत्तरदायी बजेट संकेत (GRB)। | लक्षित वर्ग | गाउँपालिका | GRB कोडिङ दिग्दर्शन | | २-निरन्तर | √ | √ | GRB coding को विश्लेषण प्रतिवेदन |
| ७ | लैङ्गिक उत्तरदायी बजेट कोडिङ र लैससास परिक्षण सम्बन्धी क्षमता विकास। | जनप्रतिनिधी तथा कर्मचारी | गाउँपालिका | | | २-निरन्तर | √ | √ | नियमीत लैससास परिक्षण |



खड्क विक (विवशा)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ८ | पालिका र वडा स्तरीय लैससास संपर्क व्यक्ति छनौट, क्षमता विकास र परिचालन | लैससास संपर्क व्यक्ति/ समिति | पालिका र वडा | | | निरन्तर | √ | √ | लैससास संपर्क व्यक्तिको अभिलेख |
| ९ | महिला जनप्रतिनिधिको लागि नेतृत्व विकास तालिम। | महिला जनप्रतिनिधि | गाउँपालिका | | | २-निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| १० | वार्षिक योजना तर्जुमा पूर्व तयारीका लागि लक्षित वर्ग छलफल। | लक्षित वर्ग | गाउँपालिका | | | निरन्तर | √ | √ | योजनामा लक्षित वर्ग |
| ११ | समिति, उपसमिति तथा कार्यदलमा सहभागी महिला तथा लक्षित वर्गका प्रतिनिधिलाई योजना व्यवस्थापन सम्बन्धी क्षमता विकास। | लक्षित वर्ग | गाउँपालिका | | | २-निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| १२ | गाउँपालिकामा खण्डिकृत तथ्याङ्क संकलन र विद्युतीय प्रणाली मार्फत तथ्याङ्कको अद्यावधीकरण। | तथ्याङ्क शाखा | गाउँपालिका | | | १ | √ | √ | खण्डिकृत तथ्याङ्क |
| १३ | गाउँपालिकामा निर्माण भएका लैससाससंग सम्बन्धित नीति, कार्यविधि, कानून, रणनीति तथा निर्देशिकाहरुको अध्ययन तथा नक्सांकन प्रतिवेदन निर्माण। | सरोकारवाला सबै | विधायन समिति | | | १ | √ | √ | प्रतिवेदन |
| १४ | बाल मनोविज्ञ र समाजसेवी सूचिकरण । | बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | सूचिकृत बालमनोविज्ञ र समाजसेवी |
| १५ | बाल संरक्षण सूचना प्रणाली र बाल अधिकार सूचना व्यवस्थापन प्रणालीको स्थापना र संचालन। | बालबालिका | गाउँपालिका | | | १-निरन्तर | √ | √ | सूचना प्रणाली |
| १६ | लैङ्गिक हिंसा प्रतिकार्यका लागि विद्यालय नर्स, शिक्षक, स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाई आधारभुत तालिम। | सेवा प्रदायक | स्वास्थ्य शाखा | | | निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| १७ | आवधिक योजनामा सामाजिक सुरक्षा सम्बन्धी सवालहरुको मूलप्रवाहीकरण कार्यशाला गोष्ठी। | सबै | गाउँपालिका | | | २ | √ | √ | संशोधित आवधिक योजना |



विक विक (विश्वा) अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| १८ | जोखिममा परेका बालबालिका तथा परिवारको पहिचान गरी आवश्यकतामा आधारित सहयोग (शिक्षा, स्वास्थ्य, सीप तथा व्यवसाय प्रवर्द्धन)। | बालबालिका | गाउँपालिका | | | निरन्तर | √ | √ | जोखीममा परेका बालबालिकाको तथ्यांक र प्राप्त सहयोगको अभिलेख |
| १९ | लैससास सूचना व्यवस्थापन तथा अनुगमन प्रणालीको स्थापना र संचालन। | लक्षित वर्ग | महिला बालबालिका शाखा | | | १-निरन्तर | √ | √ | सूचना व्यवस्थापन तथा अनुगमन प्रणाली |
| २० | विपद संवेदनशील एवं समावेशीमूलक सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण । | लक्षित समुदाय | गाउँपालिका | | | निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| २१ | लैससास जागरण रेडियो कार्यक्रम। | सबै | गाउँपालिका | | | निरन्तर | √ | √ | रेडियो स्क्रिप्ट |
| २२ | गाउँपालिकाबाट निर्माण भएका लैससास सम्बन्धी नीतिहरुको प्रचार प्रसार । | सबै | गाउँपालिका | | | १-निरन्तर | √ | √ | नीतिसम्बन्धी जागरण |
| २३ | विपद जोखिम न्यूनिकरणका लागि लैससास उत्तरदायी विपद जोखिम पूर्व तयारी तथा प्रतिकार्य सम्वन्धी क्षमता विकास तालिम | लक्षित समुदाय | गाउँपालिका | | | १-निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकंन |
| लैंससास रणनीतिको उदेश्य ४: महिला तथा लक्षित वर्गको आर्थिक सशक्तीकरण | | | | | | | | | |
| १ | समान कामको समान ज्याला, श्रम विवाद, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सचेतना | महिला | गाउँपालिका | | | २-निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| २ | महिला तथा लक्षित वर्गका लागि औपचारिक क्षेत्रमा सीप तथा रोजगारी पर्वद्धन | महिला तथा लक्षित वर्ग | रोजगार/उद्यम विकास शाखा | | | निरन्तर | √ | √ | औपचारिक क्षेत्रमा रोजगारी प्राप्त लक्षित वर्गको अभिलेख |
| ३ | लक्षित वर्ग, विपन्न, अपाङ्गता भएका व्यक्ति र एकल महिलालाई लोकसेवा आयोगको निःशुल्क तयारी कक्षा संचालन | महिला/लक्षित | गाउँपालिका | | | निरन्तर | √ | √ | तयारी कक्षामा सहभागीको अभिलेख |



खड्क विक (विबश)
अध्यक्ष

| क्र. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय / प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| ४ | महिला तथा लक्षित वर्गका लागि व्यवसायिक तालिम छात्रबृति | महिला | गाउँपालिका | | | निरन्तर | √ | √ | छात्रवृति प्राप्त गर्नेको संख्या |
| ५ | महिला जनप्रतिनीधिहरुका लागि योजना निर्माण सम्बन्धी क्षमता विकास तालिम | महिला जनप्रतिनीधि | गाउँपालिका | | | निरन्तर | √ | √ | तालिम पूर्व र पश्चातको मुल्यांकन |
| ६ | घरेलु हिंसामा परेका महिला तथा पुरुषहरुका लागि आयआर्जनमूलक कार्यक्रम संचालन | हिंसापिडित व्यक्तिहरु | गाउँपालिका | | | १-निरन्तर | √ | √ | आम्दानीमा वृद्धि |
| ७ | महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा लक्षित वर्गको आर्थिक सशक्तीकरणका लागि आवश्यकता पहिचान तथा सम्भाव्यता अध्ययन | महिला तथा लक्षित वर्ग | गाउँपालिका | | | १, ४ | √ | √ | अध्ययन प्रतिवेदन |
| ८ | हिंसामा परेका तथा सिमान्तकृत महिलाहरुकालागि साझेदारीमा माउ बाखा वितरण कार्यक्रम (३०% लक्षित वर्गबाट र ७०% पालिकाबाट) | महिला | गाउँपालिका | | | १-निरन्तर | √ | √ | सहयोग लिएका हरुको विवरण |
| ९ | महिलाहरुद्वारा प्रवर्द्धन गरिएका सहकारीहरुको क्षमता विकास तथा सहयोग | सहकारीका महिला | गाउँपालिका | | | निरन्तर | √ | √ | सहकारीहरुको अभिलेख |
| १० | महिला उद्यमीहरूका लागि उद्यम स्थापना तथा कर छुट अनुदान सहायता | उद्यमी महिला | गाउँपालिका | | | निरन्तर | √ | √ | कर छुट प्राप्त गरेका महिला उद्यमीहरुको अभिलेख |
| ११ | वित्तीय साक्षरता सामुदायिक कक्षा संचालन | लक्षित वर्ग | सहकारी शाखा | | | निरन्तर | √ | √ | सहभागीहरुको उपस्थिति रजिष्टर |
| १२ | स्थानीय उत्पादन बजारीकरण तथा विक्रीकेन्द्र स्थापना र संचालन | उत्पादनकर्ता | गाउँपालिका | | | २-निरन्तर | √ | √ | विक्री केन्द्र |
| १३ | गाउँपालिका स्तरीय उद्यम सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | उद्यमी | गाउँपालिका | | | २-निरन्तर | √ | √ | उद्यमको रेकर्ड |



खड्क विक (विश्रा)
अध्यक्ष

| क. स. | कार्यक्रम / क्रियाकलाप | लक्षित वर्ग | प्रमुख जिम्मेवारी पालिका/वडा | समन्वय तथा सहकार्य | | समय सीमा (वर्ष १-५) | वजेट (रू. हजार) | | प्रगती सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय/ प्रादेशिक सरकार | विकास साझेदार | | आन्तरिक | वाह्य | |
| १४ | महिला श्रम सहभागिता प्रोत्साहनका लागि स्याहार सेवा मोडेलहरु लागु गर्न सार्वजनिक तथा निजी साझेदारी प्रवर्द्धन सचेतना | महिला | गाउँपालिका | | | १-निरन्तर | √ | √ | उपस्थिति रजिष्टर |
| १५ | व्यवसायमा जोखिम न्यूनीकरणको लागि विमा व्यवस्थापन | उद्यमी महिला | गाउँपालिका | | | निरन्तर | √ | √ | विमितहरुको अभिलेख |
| १६ | महिला तथा लक्षित वर्गलाई उद्यमशिलता तथा व्यवसाय संचालनका लागि अनुदानको व्यवस्था | महिला | उद्योग शाखा | | | निरन्तर | √ | √ | सहुलियत ऋण लिएकाहरुको अभिलेख |
| १७ | स्याहार श्रमिकको मर्यादित कामको सवालमा अन्तरक्रिया | स्याहार श्रमिकहरु | महिला बालबालिका शाखा | | | १-निरन्तर | √ | √ | कार्यक्रमको उपस्थिति |
| १८ | अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई (महिला तथा पछाडि पारिएको वर्ग) क्रमशः सामाजिक सुरक्षाको व्यवस्था | अनौपचारिक क्षेत्रका श्रमिकहरु | रोजगार शाखा | | | २-निरन्तर | √ | √ | सामाजिक सुरक्षामा समेटिएका श्रमिकहरुको अभिलेख |
| १९ | महिलाहरुका लागि दुना टपरी, अचार बनाउने तथा सिस्नो प्याकेजिङ्ग लगायतका आयमुलक तालिम प्रदान गर्ने | महिला | गाउँपालिका | | | निरन्तर | √ | √ | रोजगार महिलाको संख्या |
| २० | लक्षित वर्ग छोरी सहयोग कार्यक्रम | बालिकाहरु | गाउँपालिका | | | निरन्तर | √ | √ | उच्च शिक्षा प्राप्त बालिकाहरुको अभिलेख |
| २१ | महिलाहरुको अनौपचारीक क्षेत्रको घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाई औपचारीक क्षेत्रमा उन्मुख गराउन प्रविधको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम संचालन | अनौपचारिक क्षेत्रका श्रमिकहरु | रोजगार शाखा | | | २-निरन्तर | √ | √ | औपचारीक क्षेत्रमा रोजगारी प्राप्त महिलाको अभिलेख |
| २२ | महिला उधमशिलता सहजिकरण केन्द्रको स्थापना तथा संचालन | महिला | उद्योग शाखा | | | निरन्तर | √ | √ | सहजिकरण केन्द्र |



खड्क विक (विश्वा)
अध्यक्ष